.

**भोटेकोशी गाउँपालिका**

# स्थानीय राजपत्र

| खण्डः ५ | असार २१, २०७८ साल | संख्याः १० |
|---|---|---|

## भाग-२

**भोटेकाशी गाउँपालिका**

## भोटेकोशी गाउँपालिका भित्र सञ्चालित विद्यालयहरुलाई अनुदान वितरण तथा शिक्षक दरबन्दी मिलान सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावनाः** भोटेकोशी गाउँपालिकाको शिक्षा सम्बन्धी कार्यक्रमहरुलाई प्रभावकारी बनाउँदै शैक्षिक संस्थालाई सहायता प्रदान गर्ने कार्यक्रमलाई उपलब्धी मुलक र मितव्ययी बनाउनको लागि गाउँपालिकाबाट विनियोजन गरिएको रकम सदुपयोग गर्न तथा सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा उल्लेखित काम, कर्तव्य र अधिकारको प्रयोगको

लागि नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी भोटेकोशी गाउँपालिकाको गाउँसभाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम"भोटेकोशी गाउँपालिका भित्र सञ्चालित विद्यालयहरुलाई अनुदान वितरण तथा शिक्षक दरबन्दी मिलान सम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) '**गाउँपालिका**' भन्नाले भोटेकोशी गाउँपालिकालाई सम्झनुपर्छ ।

(ख) '**शिक्षा समिति**' भन्नाले गाउँपालिकाको शिक्षा समिति सम्झनुपर्छ ।

(ग) '**शिक्षा शाखा**' भन्नाले गाउँपालिका अन्तर्गत शिक्षा युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

(घ) '**अनुदान**' भन्नाले गाउँपालिकाभित्र सञ्चालित विद्यालयहरुमध्ये कम शिक्षक भएका विद्यालयहरुलाई गाउँपालिकाबाट उपलब्ध गराइने विद्यालय सञ्चालन अनुदान सम्झनुपर्छ ।

(ङ) '**मा.वि.**' भन्नाले कक्षा ९ देखि १० वा १२ सम्म सञ्चालन हुने विद्यालयलाई जनाउँदछ।

(च) '**आ.वि.**' भन्नाले प्रारम्भिक बालविकास देखि कक्षा ८ सम्म सञ्चालन हुने विद्यालयलाई जनाउँदछ।

## परिच्छेद-२

## विद्यालय छनौट गर्ने आधार

**३. अनुदानको लागि विद्यालय छनौट गर्ने आधारहरुः** गाउँपालिका भित्र सञ्चालनमा रहेका आ.वि. र मा.वि.हरुमा शिक्षक संख्या न्यून भई शैक्षिक गुणस्तरमा असर परेको यथार्थलाई मध्यनजर गर्दै गाउँपालिकाको गाउँसभाबाट विनियोजित बजेट अनुदान वितरण यकीन गर्नको लागि देहायका आधारहरु अपनाइनेछः

क) कक्षा ९-१० वा ९-१२ सञ्चालन भएका विद्यालयहरुमा उच्च मा.वि.मा अनुदान बाहेकका कम्तिमा ३ शिक्षकहरु रहने ।

ख) प्रदेश अनुदान र संघीय शिक्षण अनुदान कोटालाई पनि तहगत शिक्षक दरवन्दिमा गणना गरिने।

ग) स्वीकृत दरवन्दि, राहत, प्रदेश अनुदान, संघीय शिक्षण अनुदान गरी कम्तिमा ३ शिक्षकहरु नभएका मा.वि.लाईअनुदान वितरणमा विशेष प्राथमिकता दिइने।

घ) कक्षा ६-८ सम्म सञ्चालन भएका आ.वि.हरुमा कम्तिमा ३ शिक्षकहरु रहने, कक्षा १-५ सम्म सञ्चालन भएका आ.वि.हरुमा कम्तिमा ३ शिक्षकहरु रहने र प्रारम्भिक बाल कक्षामा १ शिक्षक रहने ।

ङ) अनुदान उपलब्ध गराउँदा संघीय अनुदान बराबर हुने गरी तलब भत्ता लगायतको सुविधा उपलब्ध गराइने ।

च) उपरोक्त बुँदा (ङ) अनुसार रकम उपलब्ध गराउँदा बाँकी हुन आएको रकम गाउँ शिक्षा समिति तथा गाउँ कार्यपालिकाको बैठकले निर्णय गरेअनुसारको विद्यालयलाई उपलब्ध गराइनेछ ।

छ) न्युनतम शिक्षक दरवन्दी भएको विद्यालयमा प्राथमिकताको आधारमा क्रमशः शिक्षक व्यवस्थापन गरिनेछ।

## परिच्छेद-३
## विद्यार्थी संख्या सम्बन्धी व्यवस्था

**४.अनुदान वितरणको लागि विद्यार्थी संख्या सम्बन्धी व्यवस्थाः**

क) प्रारम्भिक बाल कक्षाको लागि - विद्यार्थी संख्याको आधारमा १ शिक्षक रहने।

ख) आ.वि.कक्षा (१-३) सञ्चालित विद्यालयको लागि - कम्तिमा २ शिक्षकहरु रहने । (विद्यार्थी संख्या ५० भन्दा बढी भएमा थप १ शिक्षक)

ग) आ.वि.कक्षा (१-५ )सञ्चालित विद्यालयको लागि - कम्तिमा ३ शिक्षकहरु रहने (विद्यार्थी संख्या ८० भन्दा बढी भएमा थप १ शिक्षक र १२५ भन्दा बढी विद्यार्थी भएमा थप २ शिक्षक रहन सक्नेछ)

घ) आ.वि.कक्षा (६-८) सञ्चालित विद्यालयको लागि - कम्तिमा ३ शिक्षकहरु रहने (विद्यार्थी संख्या ५० भन्दा बढी भएमा थप १ शिक्षक)

ङ) मा.वि.तहमा भने विद्यार्थी संख्यालाईअनुदानको लागि आधार मानिने छैन।

च) प्रति कक्षा विद्यार्थीको आधारमा शिक्षक थप गर्दा ४०, ४५ र ५० को ४०% बाट थप भई हुन आउने ५७, ६७ र ७१ विद्यार्थीसंख्या भएमा १(एक) शिक्षक थप गर्न सकिने।सो आधार रहेको तहमा लागू हुने।

छ) तहगत दरवन्दि गणना गर्दा माथिल्लो तहमा शिक्षक संख्या कम भएमा योग्यता पुगेका तल्लो तहमा कार्यरत शिक्षकहरुलाई पनि माथिल्लो तहमा गणना गर्न सकिनेछ।

## परिच्छेद-४
## शिक्षक नियुक्ति प्रक्रिया

**५. शिक्षक नियुक्ति प्रक्रियाः** आ.वि. र मा.वि. तहका विद्यालयहरुलाई उपलब्ध गराइने विद्यालय सञ्चालन अनुदान रकमबाट तलब भत्ता खाने गरी शिक्षक नियुक्ति गर्दा देहायका प्रक्रियाहरु अवलम्वन गर्नुपर्नेछः

क) गाउँपालिकाको शिक्षा शाखाबाट शिक्षक नियुक्तिका लागि सिफारिस र अनुमति प्राप्त गर्नुपर्नेछ ।

ख) कम्तिमा ७ (सात) दिनको विज्ञापनको सूचना विद्यालय, वडा कार्यालय, शिक्षा शाखा तथा गाउँपालिकाको कार्यालयमा टाँस गर्नुपर्नेछ ।

ग) निर्धारित तहको लागि स्थायी अध्यापन अनुमतिपत्र अनिवार्य बाहेकका अन्य सबै शिक्षक सेवा आयोगले तयार गरेको योग्यता र तालिमलाई आधार मानिनेछ।

घ) शिक्षक छनौट परीक्षा शिक्षा शाखाको संयोजनमा गाउँपालिकामा नै सञ्चालन हुने र सो परीक्षा शिक्षक सेवा आयोगले निर्धरिण गरेको पाठ्यक्रम र पाठ्यभारका आधारमा हुनेछ ।

ङ) लिखित परीक्षामा सफल भएका परीक्षार्थीहरुलाई लिइने अन्तरवार्ताको अंक भार शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम र पाठ्यभारका आधारमा हुनेछ ।

च) गाउँपालिका अनुदान तथा संघीय अनुदानको बाल विकास सहजकर्ता/सुसारे छनौटको लागि प्रारम्भिक बाल विकास परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्न, सो सम्बन्धी पाठ्यक्रम, निर्देशिका र दैनिक क्रियाकलापसँग सम्बन्धित ६० अंकको प्रति प्रश्न १० अंकको दरले ६ वटा विषतगत प्रश्न, नेपालमा शिक्षासँग सम्बन्धित प्रति प्रश्न १ अंकको दरले ४० वटा बहु बैकल्पिक प्रश्न र २० अंकको मौखिक परीक्षा गरी जम्मा १२० पूर्णाङ्कको परीक्षा गर्नुपर्नेछ।

## परिच्छेद-५
## शिक्षा शाखाको काम,  कर्तव्य र अधिकारहरु

**६. अनुदान वितरणको लागि शिक्षा शाखाको काम र कर्तव्यहरु देहाय बमोजिम हुनेछः**

क) विद्यार्थी संख्या तथा तहगत रुपमा विद्यालयले प्राप्त गर्ने विद्यालय सञ्चालन अनुदान रकम एकिन गर्ने ।

ख) अनुदान रकम एकिन भएपछि सो विवरणलाई गाउँ शिक्षा समितिको बैठकमा पेश गर्ने ।

ग) गाउँ शिक्षा समितिबाट निर्णय भए पश्चात सोको प्रतिलिपि सहित लेखा शाखामा पेश गरी सम्बन्धित विद्यालयलाई रकम निकासा दिने।

घ) यस कार्यविधिको प्रतिकुल नहुने गरी सोही तहका शिक्षक नियुक्तिमा समन्वय र सहजीकरण गर्ने ।

ङ) शिक्षक नियुक्तिको जानकारी शिक्षा समितिको बैठकमा पेश गर्ने ।

च) गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरुको तह र विद्यार्थी संख्याको आधारमा गाउँपालिका अनुदानबाट तलब भत्ता खाने शिक्षक संख्या एकिन गरी गाउँकार्यपालिकाबाट निर्णय गरेपछि अनुदान उपलब्ध गराउने कार्य शुरु गर्ने ।

## परिच्छेद-६
## सरुवा सम्बन्धी व्यवस्था

**७. सरुवा सम्बन्धी व्यवस्थाः**

(१) सरुवा हुन आवेदन दिने कार्यरत शिक्षकलाई गाउँपालिका भित्रका कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमतीमा कक्षा सञ्चालनमा बाधा नपुग्ने गरी गाउँ कार्यपालिकाले तोकिए बमोजिमको प्रकृया अपनाई रिक्त दरबन्दीमा सरुवा गर्न सक्नेछ ।

(२) गाउँपालिका भित्रका एक विद्यालयबाट अर्को विद्यालयमा तह तथा विषय मिल्ने दरवन्दी भित्र गाउँपालिकाले शिक्षक सरुवा गर्न सक्नेछ ।

(३) शिक्षकको सरुवा प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा मात्र गरिनेछ।

(४) एकपटक सरुवा भएको शिक्षकलाई त्यस विद्यालयमा २ वर्ष सेवा पुरा नगरी सरुवा गरिने छैन ।

तर कुनै विद्यालयमा कार्यरत शिक्षक असक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा निजलाई जुनसुकै बखत पनि सरुवा गर्न सकिनेछ।

(५) शिक्षक सरुवा गर्दा शिक्षकको तह र अध्यापन गर्ने विषय मिलाउनुपर्नेछ।

(६) शिक्षकलाई सरुवा गर्दा देहाय बमोजिमको मापदण्डको आधारमा गर्नुपर्नेछ :

क) तोकिएको जिम्मेवारी तोकिएको समयभित्र पुरा नगरेको भनी सम्बन्धीत विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालय निरीक्षकबाट सिफारिस भएमा,

ख) एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक भएमा,

ग) दरवन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भएमा,

घ) उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिए बमोजिमको अवस्था भएमा,

ङ) विपद्का कारण विद्यालय र विद्यालय रहेको समुदाय नै अन्यत्र स्थानान्तरण गर्नुपर्ने अवस्था गाउँपालिका विपद व्यवस्थापन समितिले सिफारिस गरेमा,

च) नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखिरहँदा विद्यालयको शैक्षिक वातावरण खलबलिएको वा खलबलिन सक्ने व्यहोरा विद्यालय व्यवस्थापन समितिबाट र वडा शिक्षा समितिबाट निर्णय भइआएमा,

छ) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा,

ज) पति पत्नि दुवै शिक्षक रहेको अवस्था भए सकभर एकै विद्यालय वा वडा भित्र पर्ने गरी सरुवा गर्नुपरेमा,

झ) शिक्षक सरुवाको अन्य मापदण्ड गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(७) गाउँपालिका अनुदान तथा प्रदेश अनुदान शिक्षक, विद्यालय कर्मचारी र बाल विकास सहजकर्ताको सरुवा यसै कार्यविधि बमोजिम हुनेछ ।

(८) स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन।

(९) उपदफा (७) बमोजिम सरुवा गर्दा साधारणतया अपाङ्गता भएका शिक्षक शिक्षिका र महिलालाई पायक पर्ने स्थानमा सरुवा गरिनेछ।

(१०) शिक्षक सरुवा गर्दा लामो अवधि एकै विद्यालयमा बसेकालाई पहिलो प्राथमिकता दिइनेछ।

(११) गाउँकार्यपालिकाको निर्णय बमोजिम गाउँपालिका भित्रका स्वीकृत दरवन्दी तथा राहत दरवन्दीका शिक्षकहरुलाई आवश्यकताको आधारमा गाउँपालिका भित्र काजमा खटाउन सकिनेछ ।

(१२) सरुवा भएको एक्काइस दिनभित्र प्रधानाध्यापक सम्बन्धित शिक्षक वा कर्मचारीलाई अनुसुची-१३ बमोजिमको ढाँचामा रमाना पत्र दिई सोको जानकारी सम्बन्धित विद्यालय र शिक्षा शाखालाई समेत दिनुपर्नेछ।

(१३) माथि उल्लेखित मापदण्डको आधारमा शिक्षक काज तथा सरुवा गर्दा सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय र स्थलगत अनुगमनको आधारमा गाउँकार्यपालिकाले आवश्यक निर्णय गर्नेछ।

**८. दरवन्दी नभएको पदमा शिक्षक वा कर्मचारी नियुक्ती वा सरुवा गर्न नहुने।**

(१) शिक्षक वा कर्मचारीलाई दरवन्दी रिक्त नरहेको वा दरवन्दी नभएका विद्यालयमा नियुक्ति वा सरुवा गर्न मिल्ने छैन ।

(२) भोटेकोशी गाउँपालिकाको शिक्षा नियमावली, २०७५ को अनुसूची-१२ मा उल्लिखित विषयको शिक्षक नरहेको विद्यालयमा अर्को विषयको शिक्षक नियुक्ति वा सरुवा गर्न मिल्ने छैन ।

(३) उपदफा (१) वा (२) विपरित कसैले कुनै शिक्षक वा कर्मचारी नियुक्ति वा सरुवा गरेमा त्यस्तो शिक्षक वा कर्मचारीको लागि तलब भत्ता वापत खर्च भएको रकम त्यसरी नियुक्ति वा सरुवा गर्ने अधिकारीबाट असुल उपर गरी त्यस अधिकारीलाई विभागीय कारवाही गरिनेछ।

## परिच्छेद-७
## विविध

९. **अनुदान वितरण सम्बन्धी विशेष व्यवस्थाः** यस कार्यविधिमा जे लेखिएको भएतापनि हाल आ.वि. तथा मा.वि.तहमा गाउँकार्यपालिको निर्णय बमोजिम गाउँपालिका अनुदानमा कार्यरत योग्यता, तालिम र संघीय शिक्षा ऐन तथा नियमावली बमोजिम मापदण्ड पुरा भएका शिक्षकहरुको हकमा दफा ४ बमोजिमको दरवन्दीमा गणना गरिनेछ।

१०. **खारेजी र बचाउः** यो कार्यविधिमा उल्लेखित व्यवस्थाहरु संघिय शिक्षा ऐन तथा नियमावलीसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

११. **बाधा अड्काउ फुकाउ सम्बन्धी व्यवस्थाः** यस कार्यविधिमा उल्लेख गरिएका बुँदाहरुको अन्तिम व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ । यस कार्यविधिमा उल्लेखित व्यवस्था जुनसुकै बखत गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

## अनुसूची : १
## शिक्षक, कर्मचारी तथा विद्यार्थी विवरण ०७७/०७८

| नाम | ठेगाना | संचालित तकक्षा | विद्यार्थी संख्या | मा.वि. | | | | | नि.मा.वि. | | | | | प्रा.वि. | | | | | कुलजम्मा शिक्षक | बालविकास,स सारे | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दरवन्दी | राहत | अनुदान | निजि संघ संस्था | जम्मा | दरवन्दी | राहत | अनुदान | निजि संघ संस्था | जम्मा | दरवन्दी | राहत | अनुदान | निजि संघ संस्था | जम्मा | | स्वीकृत | अनुदान |
| वि. | वडा नं.१ | वा.वि. के.-१० | १६० | ० | ० | ३ | १ | ४ | १ | ० | ० | ० | १ | २ | ३ | ० | ० | ५ | १० | ० | २ |
| . | वडा नं.१ | वा.वि. के.-८ | ११८ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | २ | ३ | १ | १ | १ | ६ | ८ | १ | ० |
| .वि. | वडा नं.१ | वा.वि. के.-८ | ८१ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | १ | १ | २ | ७ | ७ | १ | ० |
| | वडा नं.१ | वा.वि. के.-८ | ४३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | १ | १ | ४ | ४ | १ | ० |
| वि. | वडा नं.१ | वा.वि. के.-५ | ३१ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | २ | २ | १ | ० |
| ा. | वडा नं.१ | वा.वि. के.-५ | ४३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | २ | ० | १ | ४ | ४ | १ | ० |
| | वडा नं.१ | वा.वि. के.-५ | २० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | १ | १ | १ | ० |
| वि. | वडा नं.१ | वा.वि. के.-४ | २७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | १ | २ | ० | ० | ० |
| ा. | वडा नं.१ | वा.वि. के.-४ | २० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | १ | १ | १ | ० |
| . | वडा नं.२ | वा.वि. के.-१२ | ४०१ | २ | ३ | २ | १ | ८ | २ | १ | ० | ० | ३ | ५ | १ | ० | २ | ८ | १९ | १ | २ |
| व | वडा नं.२ | वा.वि. के.-८ | १९५ | ० | ० | ० | ० | ० | | २ | ० | ० | २ | ५ | १ | ० | १ | ७ | ९ | १ | १ |
| ा. | वडा नं.२ | वा.वि. के.-५ | ६९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | १ | ३ | ३ | १ | ० |
| . | वडा नं.२ | वा.वि. के.-५ | ४३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | १ | ३ | ३ | १ | ० |
| वि. | वडा नं.३ | वा.वि. के.-८ | ११८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | १ | १ | २ | ७ | ७ | १ | २ |
| . | वडा नं.३ | वा.वि. के.-५ | ३९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | १ | १ | ४ | ४ | ० | ० |
| वि. | वडा नं.३ | वा.वि. के.-५ | २३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | १ | १ | २ | ३ | १ | ० |

| नाम | ठेगाना | संचालित तकक्षा | विद्यार्थी संख्या | मा.वि. | | | | | नि.मा.वि. | | | | | पा.वि. | | | | | कुलजम्मा शिक्षक | बालविकास/र सो। | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दरवन्दी | राहत | अनुदान | निजि, संघ संस्था | जम्मा | दरवन्दी | राहत | अनुदान | संघ,संस्था | जम्मा | दरवन्दी | राहत | अनुदान | निजि, संघ, संस्था | जम्मा | | स्वीकृत | अनुदान |
| | वडान. ४ | वा.वि. के.-१२ | ५०३ | ४ | १ | २ | १ | ८ | २ | १ | ० | ० | ३ | ४ | १ | ० | ० | ५ | १६ | १ | २ |
| आ.वि | वडान. ४ | वा.वि. के.-८ | २०३ | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | २ | ३ | १ | ० | ३ | ७ | ९ | ० | १ |
| ा. | वडान. ४ | वा.वि. के.-५ | १०१ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | २ | ४ | ४ | १ | ० |
| आ.वि. | वडान. ४ | वा.वि. के.-५ | ४४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | १ | ३ | ० | ० | ० |
| | वडान. ४ | वा.वि. के.-४ | ३० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | १ | १ | ० | १ |

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वडान. ४ | वा.वि. के.-४ | ३३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | १ | ३ | ३ | ० | ० |
| व. | वडान. ५ | वा.वि. के.-१० | ११७ | ० | ० | ३ | १ | ४ | ० | १ | ३ | १ | ५ | १ | २ | ० | ० | ३ | ११ | १ | ० |
| ा. | वडान. ५ | वा.वि. के.-१० | १५४ | ० | ० | ४ | २ | ६ | ० | ० | ० | ० | ० | ३ | ४ | ० | ० | ७ | १३ | १ | २ |
| | वडान. ५ | वा.वि. के.-१० | २७० | ० | ० | ४ | ० | ४ | ० | ० | ० | ० | ० | ५ | ० | ० | ३ | ८ | १२ | १ | ० |
| . | वडान. ५ | कक्षा १-५ | ७१ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | १ | ० | २ | ५ | ५ | ० | ० |
| व | वडान. ५ | कक्षा १-५ | ५६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | १ | ३ | ४ | ० | ० |
| . | वडान. ५ | वा.वि. के.-४ | २१ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | १ | ० | २ | ३ | ० | ० |
| | वडान. ५ | कक्षा १-४ | २३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | १ | १ | ० | १ |
| स्कूल | वडान. ४ | कक्षा ०-५ | ५५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ८ | ८ | ८ | ० | ० |
| स्कुल | वडान. ४ | कक्षा ०-५ | ४७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ८ | ८ | ८ | ० | ० |

**(नोटः यस गाउँपालिका भित्र सञ्चालित २९ वटा विद्यालयहरु मध्ये गाउँपालिका अनुदानमा कार्यरत मा.शि.-६,प्रा.शि. -९, बालविकास स.का.,सुसारे १५ गरी ३० शिक्षक तथा स.का.,सुसारेलाई सघीय मापदण्ड बमोजिम हुने गरि क्रमश विद्यालयगत अनुदान निकासाको व्यवस्था मिलाउँदै लगिनेछ )**

**आज्ञाले,**
**भद्र बहादुर बस्नेत**
**प्रमुख प्रशासकीय अधिकृत**